**औरही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**

**कार्यपालिकाको बैठक**

आज मिति २०७८/०२/२७ गते बिहिबारका दिन यस औरही नगरपालिकाका नगर प्रमुख श्री सुनिल कुमार यादवको अध्यक्षतामा औरही नगरपालिकाको कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निम्न निर्णय पारित गरियो ।

**उपस्थिती**

| सि. नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | सुनिल कुमार यादव | नगर प्रमुख | |
| २. | रेणु झा | नगर उपप्रमुख | |
| ३. | राजकिशोर चौधरी | वडाअध्यक्ष | |
| ४. | विनोद पजियार | वडाअध्यक्ष | |
| ५. | रामकेवल यादव | वडाअध्यक्ष | |
| ६. | सियाराम राय | वडाअध्यक्ष | |
| ७. | किशोरी प्रसाद यादव | वडाअध्यक्ष | |
| ८. | नरेश यादव | वडाअध्यक्ष | |
| ९. | गणेश यादव | वडाअध्यक्ष | |
| १०. | नवलकिशोर चौधरी | वडाअध्यक्ष | |
| ११. | गौरी शंकर झा | वडाअध्यक्ष | |

| | | | |
|---|---|---|---|
| १२. | रोजाइ मंसुर | कार्यपालिका सदस्य | |
| १३. | सुरेन्द्र कुमार साह | कार्यपालिका सदस्य | [illegible] |
| १४. | मिठु मोची | कार्यपालिका सदस्य | |
| १५. | मनधन देवी | कार्यपालिका सदस्य | |
| १६. | सुनिता देवी दास | कार्यपालिका सदस्य | सुनीता |
| १७. | ललिता देवी साह | कार्यपालिका सदस्य | ललीता |
| १८. | रेखा देवी सदा | कार्यपालिका सदस्य | |
| १९. | सोनावती देवी | कार्यपालिका सदस्य | |
| २०. | नविन न्यौपाने | नि. प्रमुख प्राशासकीय अधिकृत | |
| २१. | मनोज कुमार महरा | लेखा अधिकृत (आमन्त्रित) | |
| २२. | गंगाराम यादव | योजना अधिकृत (आमन्त्रित) | |

<u>प्रस्ताव :</u>

१. आठौं नगरसभा बस्ने सम्बन्धमा।

२. आ.व. २०७८/७९ को निती तथा कार्यक्रम सम्बन्धमा।

३. आ.व. २०७८/७९ को आय व्ययको विवरण बजेट र सञ्चालन गरिने तथा वडास्तरीय योजनाहरु सम्बन्धमा।

४. आर्थिक ऐन, २०७८ सम्बन्धमा।

५. विनियोजन ऐन, २०७८ सम्बन्धमा।

६. आ.व. २०७८/७९ मा योजना कार्यक्रम तथा खर्चको विवरण सम्बन्धमा।

७. रसायनिक मलखाद विक्रेताको मूल्य निर्धारण सम्बन्धमा।

८. विपद व्यवस्थापन सम्बन्धमा।

९. बजार ठेक्का सम्बन्धमा।

१०. आठौं नगरसभाको लागि प्रस्ताव तथा कार्यसूची सम्बन्धमा।

११. अन्य विविध सम्बन्धमा।

निर्णयहरु :-

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस पालिकाको आठौं नगरसभा बस्नको लागि कोभिड १९ दोश्रो भेरियन्ट संक्रमणबाट बच्न सुरक्षाको सम्पूर्ण उपायहरु अवलम्बन गरी सामाजिक दुरी कायम हुने गरी स्थानको व्यवस्था मिलाई मिति २०७८/०३/१० गते बुधबार ११:०० बजे वडा नं. ५ सोन्फी दशौ मा.वि. श्रीपुरको दक्षिणमा रहेको सामुदायिक धर्मशालामा आठौं नगरसभा (बजेट अधिवेशन) बस्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७८/०२/१६ को कार्यपालिका बैठकको निर्णय अनुसार तयार पारी प्रस्तुत भएको निती तथा कार्यक्रम स्वीकृत गरी मिति २०७८/०३/१० गते बस्ने नगरसभामा नगर प्रमुख ज्युले प्रस्तुत गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७८/७९ को लागि मिति २०७८/०२/१६ गतेको कार्यपालिकाको निर्णय अनुसार तयार पारी प्रस्तुत भएको आय व्ययको विवरण (बजेट) स्वीकृत गरी मिति २०७८/०३/१० गते बस्ने नगरसभा समक्ष नगर प्रमुख श्री सुनील कुमार यादवले प्रस्तुत गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७८/७९ को आर्थिक ऐन, २०७८ को विधेयक पारीत गरी आगामी नगरसभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७८/७९ को विनियोजन विधेयक पारीत गरी आगामी नगरसभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७७/७८ मा संचालित योजना तथा कार्यक्रम प्रगति विवरण आजको मिति सम्मको खर्चको विवरण हेरी योजना तथा कार्यक्रम अनुसार नै खर्च भएको देखियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०७८/०२/२३ गते यस पालिकाको कार्यपालिका बैठकबाट कृषि सामाग्री केन्द्र जनकपुरलाई सिफारिस गरिएकोमा सो मलखाद विक्रेताले यस पालिका भित्र आफ्नो डिपो विक्री वितरण गर्दा यूरिया प्रति बोरा/(५० के.जी.)मुल्य रु.९६५।- डिएपी प्रति बोरा/(५० के.जी.)मुल्य रु.२४११।- र पोटास बोरा/(५० के.जी.)मुल्य रु.१८११।- रहने गरी विक्री वितरण गर्ने निर्णय गरियो। सो मूल्य भन्दा बढीमा विक्री वितरण गरेको पाइएमा कानुन बमोजिम कारवाही गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा विगत २ बर्ष अगाडी गठन भएको स्थानीय विपद व्यवस्थापन समिति कोभिड-१९ को महामारीले सक्रिय हुन नसकेको कारण आइपर्ने सबै विपद सम्बन्धी कार्यहरु नगरकार्यपालिका स्वयमले विपद व्यवस्थापन समितिको रुपमा रही कार्य गर्ने निर्णय गरियो साथै स्वास्थ्य शाखा संयोजक श्री बालबोध रायलाई फोकल पर्सन तोक्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका भित्र रहेका तथा नगरपालिकाको अधिकार क्षेत्र भित्रका कठुधार, श्रीपुर, भोइल, टिमकिया बजारहरु ठेक्का प्रक्रियामा लैजान आवश्यक निर्णयका लागि आठौं नगरसभामा पेश गर्ने र सभाको निर्णय अनुसार प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा आठौं नगरसभा (बजेट अधिवेशन) को प्रस्ताव तथा कार्यसूची निम्नानुसार गर्ने निर्णय गरियो।

प्रस्तावहरू:

क) आ.व. २०७८/७९ को निती तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा।

ख) आ.व. २०७८/७९ को आय व्ययको विवरण बजेट तथा नगरस्तरीय योजनाहरु र वडास्तरीय योजनाहरु प्रस्तुत गर्ने सम्बन्धमा।

ग) आर्थिक ऐन, २०७८ को विधेयक प्रस्तुत गर्ने सम्बन्धमा।

घ) विनियोजन ऐन, २०७८ को विधेयक प्रस्तुत गर्ने सम्बन्धमा।

ङ) बजार ठेक्का सम्बन्धमा।

च) विविध सम्बन्धमा।

सभाको कार्यसूची:

क) २०७८/०३/१० गते ११:०० बजे शुरु हुने हुँदा शुरुमै निती तथा कार्यक्रम प्रस्तुत गर्ने।

ख) १० मिनेट रिफ्रेस हुने समय लिने।

ग) सोही दिन १:३० बजे आय व्ययको विवरण प्रस्तुत गर्ने।

घ) पहिलो दिनको बैठक समापन गर्ने।

ङ) मिति २०७८/०३/१२ गते ११:०० बजेबाट ४:०० बजेसम्म दोश्रो बेठक शुरु गरी निति तथा कार्यक्रम, बजेट र प्रस्तावहरु माथि छलफल गर्ने।

च) मिति २०७८/०३/१४ गते तेश्रो बैठक ११:०० बजेबाट आर्थिक र विनियोजन विधेयक माथि छलफल गर्ने।

छ) मिति २०७८/०३/१७ गते चौथो बैठक ११:०० बजेबाट १:०० बजे भित्रमा निती तथा कार्यक्रम पारित गर्ने।

ज)मिति २०७८/०३/२४ गते ४:३० बजेदेखि ५:३० बजेसम्म सवै प्रस्तावहरु पारित गरी सम्पूर्ण निर्णयहरु गरी आठौं नगरसभा समापंन गर्ने।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा औरही न.पा. ३ महोत्तरीको गरिमा निर्माण सेवा, औरही न.पा. ३ महोत्तरी कै अकृ कन्स्ट्रक्सन प्रा.लि.ले आवश्यक कागजात सहित पेश हुन आएकोले 'घ' वर्गको निर्माण व्यवसायी सम्बन्धी इजाजत पत्र दिने निर्णय गरियो।